अन्तरराष्ट्रिय पर्वत समाज

International Parbat Society

<u>प्रस्तावना</u>

नेपालको विकास र प्रवद्धनमा टेवा पुर्‍याउन पर्वत जिल्ला घर भई हाल नेपाल र विदेशमा वसोवास गर्दै आएका पर्वतबासी नेपालीहरुले जिल्लामा सामुदायिक स्वाथ्य,शिक्षा र परोपकारी कार्यमा सहयोग गर्ने गरि "<u>संवृद्ध पर्वत निर्माणको लागि सामुहिक अभियान</u> भन्ने नारामा संगठित भै सामाजिक मान्यता र समुहगत हितका लागि एउटै भावना र सोच बोकेका विभिन्न वर्ग,क्षेत्र लिङ्ग र समुदायहरुद्धारा समान उद्धेश्य प्राप्तीका लागि सामुहिक रुपमा कार्य गर्ने उद्धेश्यले नेपालीहरु जो विदेशमा बसोवास गरेका छौं र हामीहरुसंग छरिएररहेको सोच र लगावलाई एउटा पुंजी संकलन जस्तै सामाजिक सहयोग र सदभावको विकास गर्न र परिचालन गराउन सेवामुलक क्षेत्रमा लगानी गर्ने उद्धेश्य राखी सम्पुर्ण सदस्यहरु तथा सेवाकर्ताको अग्रसरतामा सामाजिक लगायत समग्र जीवनस्तर समृद्ध गर्नका लागि विभिन्न प्रकारका विकासमुलक कार्यहरु संचालन गर्ने एक स्वतन्त्र,गैरनाफामुलक र गैरराजनैतिक उद्धेश्य राखी यस संस्थाको स्थापना र संचालन गर्न यो विधान तयार गरिएको छ।

परिच्छेद १ : प्रारम्भिक

१.<u>नाम र प्रारम्भ</u> :

क). यस संस्थाको नाम " अन्तरराष्ट्रिय पर्वत समाज रहने छ र अंग्रेजीमा **International** Parbat Society

भनिने छ र छोटकरीमा **IPS** हुने छ।

ख). यस संस्थाको मुख्य कार्यालय हाल लण्डनमा रहने छ। आवश्यकता महशुस भएमा वाहिर कुनै पनि स्थानमा सम्बन्धित निकायको स्वीकृती लिएर शाखा तथा उप शाखा समेत खोल्न सकिने छ।

ग) यो संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ।

<u>२. परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा–

क) संस्था भन्नाले अन्तरराष्ट्रिय पर्वत समाज र यस अन्तरगतका शाखालाई सम्झनु पर्दछ।

ख) कार्यसमिति भन्नाले यस विधान वमोजिम गठित संस्थाको कार्यसमितिलाई सम्झनु पर्दछ।

ग) विधान भन्नाले अन्रतराष्टिय पर्वत समाज को विधान २०१७ लाई सम्झनु पर्दछ।

घ) कोष भन्नाले अन्तरराष्टिय पर्वत समाज को कोषलाई बुझ्नु पर्दछ।

ङ) क्षेत्र र क्षेत्रिय समिति भन्नाले यस अन्तरराष्टिय पर्वत समाज अन्तरगतमा रहेका वा अन्य देशमा स्थापित पर्वत समाजलाई वुझ्नु पर्दछ।

च) स्थानिय अधिकारी भन्नाले संस्था दर्ता गर्ने अधिकारीलाई सम्झनु पर्दछ।

<u>३) संस्थाको छाप र चिन्ह</u>

क)संस्थाको छाप,निशान तथा लोगो सम्भव भए सम्मेलनबाट र नभएमा पहिलो पटक केन्द्रिय कार्य समितिले तोके बमोजिम हुनेछ।

परिच्छेद - २

४. **<u>उद्देश्य तथा कार्य</u>** :

क) यो संस्था मुनाफारहित र जनहितकारी हुनेछ।

ख) पर्वतेलीहरुको देश तथा विदेशका अन्य क्षेत्रमा रहनु भएकाहरुको सवै कुराको डाटा संकलन गर्ने र सबैलाई संगठित गराउने एवं यसको तथ्य सकलन गरि प्रकाशन, वितरण गर्ने।

ग). पर्वत जिल्लाको जनतालाई सहयोग हुने तत्कालिन र दिर्घकालिन योजना अनुरुप स्वाश्थ्य, शिक्षा र सामुदायिक क्षेत्रमा सेवामुलक तथा आयमुलक दुइ प्रकारका योजनाहरु अलग अलग वनाई जनताको जीवनस्तर अभिवृद्धि र आवश्यकतापूर्ति गर्नका लागि एकजुट भई काम गर्ने र गर्न प्रोत्साहित गर्ने ।

घ). सस्थामा हुनु भएका सदस्यहरु तथा आवद्धतामा रहनु भएका व्यक्तिहरुका लागि स्वावलम्बनको ज्ञान ,पारस्पारिक सहयोग र मितव्ययिताको भावना सिर्जना गर्ने र सामाजिक दायित्वको अभिवृद्धि गर्ने ,

ङ). नेपाली समुदायको आर्थिक तथा सामाजिक जीवनस्तर उठाउने,

च). संस्थाले आर्थिक गतिविधि संचालन गरी समाज र देशको आर्थिक स्तर उकास्ने,

छ). सामुदायिक सोच, सिद्धान्त र भावना अनुसार सामुहिक हित हुने गरी कार्य गर्ने,

ज). पर्वत जिल्ला तथा अन्य क्षेत्रका विविध किसिमले बसोबास वा कामकाज गर्ने नेपालीहरु जो विविध प्रकारले विपत्तिमा परेका नेपालीहरुलाई सामुहिक प्रयत्नबाट सहयोग गर्ने ।

झ).संस्थाका सदस्यहरुले गरेको उद्योग, व्यापार र व्यावसायको तर्फबाट चन्दा सहयोगबाट संकलित हुन आउने रकम अल्पकालिन र दिर्घकालिन कार्यको योजना वनाई यस प्रयोजनको लागि संस्थाले निर्धारण गरेको विधि र प्रक्रियालाई अवलम्बन गरि कार्यन्वयन गर्ने ।

ञ). पर्वत जिल्लाका देश तथा विदेशमा रहनु भएका महानुभावहरु यस संस्थामा स्वत आवद्धता रहने भएकाले   विश्वव्यापी रुपमा यसले संजाल निर्माण गर्न यसले अग्रसर भुमिका लिने छ ।

ट) चेतनामुलक तथा सामाजिक विकासका कार्यक्रमहरुमा अग्रसर वनाउन विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरु आयोजना निशुल्क संचालन गर्ने साथै सामाजिक संघ संस्थाहरुसंग भातृत्व सम्बन्धको विकास गरि सामाजिक विकासका कार्यक्रमहरुमा आपसी सहयोग आदान प्रदान गर्ने ।

<u>. ५ संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरु</u> :

यस संस्थाको उपरोक्त उद्धेश्य पाप्त गर्न देहायका कामहरु गर्ने छ ।

क) संस्थाले प्रचलित कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि उद्धेश्य कार्यन्वयन गर्ने छ ।

ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्ने छ र कार्यालय प्रयोजनका सामाग्री तथा साधन खरिद गर्न वा भाडामा लिई प्रयोग गर्ने छ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने छ ।

घ)संस्थामा प्राप्त रकम वैंकिङ सिष्टममा रहने छ र यसका लागि वैक खाता संचालन गर्ने छ ।

ङ) संस्थाले अचल सम्पति आर्जन गर्न सक्नेछ तर विक्री गर्नु पर्ने भएमा स्थानिय अधिकारीको स्वीकृति लिनु पर्ने छ ।

च) सस्थाको संचालन प्रक्रिया यसको निर्धारित नियम र विनियमको आधारमा हुनेछ ।

परिच्छेद – ३

<u>६.. सस्थाको संरचना र सदस्यताको वर्गिकरण</u> :

यस संस्थामा ४ प्रकारका देहाय बमोजिम सदस्यहरु रहनेछन ।

क) **साधारण सदस्य** :

यस विधानको दफा.....बमोजिम योग्यता पुगेका कुनै पनि पर्वतेली नागरिकले तोकेको प्रकृया अन्तरगत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन ।

ख) संस्थापक सदस्य :

यस संस्थाको दर्ता हुंदाका वखतका पदाधिकारीहरु यस संस्थाका संस्थापक सदस्य रहनेछन ।

ग) आजिवन सदस्य :

संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुर्‍याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजिवन सदस्यता प्रदान गरिने छ ।

घ) मानार्थ सदस्य :

उपयुक्त ठहर गरेका विशिष्ट समाजसेवा तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिने छ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

ङ) सल्लाहकार समिति : यस समाजको मर्म र उद्धेश्यलाई हरेक गतिविधिमा सल्लाह सुझाव र सहयोग गर्न बढिमा १३ सदस्यीय सल्लाहकार समिति रहने छन र आबश्यक परेमा सल्लाहकार समितिको संख्या थपघट पनि गर्न सकिनेछ ।

च) संरक्षक परिषद : यस समाजको बृहतर हित र उद्धेश्य प्राप्तीका लागि समाजको सम्बद्धमा रहि विशिष्ट योगदान वा जिम्मेवारीमा रहनु भएका डिप्लोम्याटहरु तथा व्यक्तित्वहरुलाई संरक्षक परिषद अन्तरगत संरक्षकका रुपमा राख्न सकिने छ । हाल ५ सदस्यीय समितिको संरक्षक समिति रहने छन । आवश्यक भएमा थपघट गर्न सकिने छ ।

छ) यस समाजले संस्थाको उद्धेश्यपुरा गर्न विविध गतिविधि संचालनार्थ विभिन्न समिति र उपसमितिहरु बनाउने छ ।

७. सदस्यता प्राप्तीका लागि आवश्यक योग्यता :

यस संस्थाको सदस्यता प्राप्तीका लागि देहाय बमोजिमको योग्यता हुनु पर्ने छ ।

क) पर्वत जिल्लामा जन्म भएको वा हाल पनि पर्वत जिल्लामा वसेको र रहेको लगत हुनु पर्ने,

ख) १८ वर्ष उमेर पुगेको हुनुपर्ने, ग) मगज नविग्रिएको व्यक्ति,

घ) नैतिक पतन देखिने फौजदारी अभियोग र भ्रष्टचारीको अभियोगमा सजाय नपाएका हुनु पर्नेछ ।

८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अबश्था :

क) गैर पर्वतेली नागरिक र १८ वर्ष उमेर पुरा नगरेको, ख) मगज विग्रेको वा वौलाहेको,

ग) कुनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाझी गरेको वा आफ्नो जिम्मामा रहेको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा कुनै अभियोगमा कसुरदार ठहरी सजाय पाएको एक वर्षभित्र ,

घ) सम्वन्धित संस्थाको व्यवसायमा निजि स्वार्थ भएको, ङ) सदस्यता शुल्क बुझाउन वांकी भएको ।

९. सदस्यताको समाप्ती :

क) दफा ८ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा ।

ख) साधारण सभाबाट दुई तिहाइ बहुमतले संस्थाको सदस्य पद बाट हटाउने प्रस्ताव पास गरेमा ।

ग) सदस्यले आफ्नो पदबाट राजीनामा स्वीकृत भएमा वा मुत्यु भएमा ।

घ) संस्थाको काम कारबाहीमा बेइमानी वा वदनियत गरेको कुरा अधिकारप्राप्त निकायबाट प्रमाणित भएमा ।

ङ) संस्थाको अहित हुने कुनै कार्य गरेको भएमा तर संस्थाका त्यस्ता आरोप लागेका व्यक्तिलाई सो कुराको सुचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनु पर्ने छ ।

च) लगातार विना सुचना तीन पटकसम्म वैठकमा अनुपस्थित भएमा ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :

क) साधारण सदस्य : साधारण सदस्य हुन प्रवेश **शुल्क २०. डलर** लाग्ने छ र तोकिएको प्रकृया अनुसार निवेदन पेश गरि सो निवेदन कार्य समितिबाट स्वीकृत भएमा साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख) यो सदस्यता हरेक ३ वर्ष नविकरणका लागि शुल्क तिर्नु पर्ने छ । हरेक वर्ष डिसेम्बर मसान्त सम्म नविकरण गराइ सक्नु पर्ने छ र विलम्ब भएमा थप दोव्बर डलर बुझाई नविकरण गर्न सक्नेछ ।

ग)संस्थापक सदस्यहरु यो संस्था दर्ता हुदाका वखतका तदर्थ वा कार्यसमितिका पदाधिकारीहरु हुनेछन र संस्थापक सदस्यहरुले शुरुमा **२५०** डलर वा युरो दर्ता भएको मितिले एक महिनाभित्र एकमुष्ट रकम बुझाउनु पर्ने छ ।

घ) आजिवन सदस्य बन्नका लागि संस्थामा एकमुष्ट **१००० डलर** बुझाई तोकिएको प्रकृया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्ने छ ।

ङ) मानार्थ सदस्यहरुको हकमा संस्थाको कार्य समितिले सदस्यता प्रदान गर्न सक्नेछ तर शुल्क लाग्ने छैन । मानार्थ सदस्यहरुलाई निर्वाचनमा भाग लिन र मताधिकार रहने छैन ।

च) संस्थाले निर्धारण गरेको सदस्यताको ढाचाको छुट्टै पुस्तिका रहने छ ।

परिच्छेद ४

११. साधारण सभाको वैठक :

१) संस्थाको विधानको दफा ६ (घ) अनुसार सदस्यता प्रदान गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) **वार्षिक साधारण सभा** : १ वर्ष ६ महिना भित्रमा एक पटक वार्षिक साधारण सभा वस्नेछ ।

ख**) विषेश साधारण सभा** : संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विषेश साधारण सभा माग गरेमा विषेश साधारण सभा कार्यसमितिले कम्तिमा ७ दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्दछ तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्रमा पुनः विशेष साधारण सभा वस्न सक्ने छैन ।

३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले २ दुइ महिना भित्र गरिनेछ ।

४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठांउ,समय र छलफलका विषय खोली सवै साधारण सदस्यहरुलाई सुचना दिइनेछ ।

५) उपनियम (४) बमोजिम बोलाइएको साधारण सभामा दफा ....बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा वोलाइनेछ ।

६) साधारण सभा र विशेष साधारण सभाको लागि छुट्टाछुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२. साधारण सभाको काम कर्तव्य र अधिकार :

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

ख) लेखापरिक्षकबाट प्राप्त भएको वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरि अनुमोदन गर्ने र प्रतिवेदनमा देखिएकाअनिमियमित वेरुजु रकमहरु माथि छलफल गरी वेरुजु रकमहरु असुल उपर गरि फछ्यौट गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक तय गर्ने ।

घ) संस्थाको वार्षिक प्रगति विवरण र कार्यहरुको मुल्याङकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवश्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकृयामा रही निर्वाचन गर्ने ।

च) कार्यसमितिद्धारा पेश भएका विधान शंसोधन,नियम तथा विनियम स्वीकृत गर्ने ,

छ) मानार्थ सदस्यता प्रदान गर्ने ,

ज) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी,पारिश्रमिकभत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृत प्रदान गर्ने ।

परिच्छेद ५

१३ .कार्यसमितिको गठन र अनुशासन :

क)साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु सहित वढिमा २१ जनाको सम्म हुने छ र आबश्यकता अनुसार केन्द्रिय कार्यसमितिले थपघट गर्न सक्ने छ तर यसलाई संस्थाको साधारण सभाको सम्मेलनको साधारण बहुमतबाट अनुमोदन गराउनुपर्नेछ ।

ख) कार्यसमितिमा– अध्यक्ष, उपाध्यक्ष–५ जना (२ महिला), महासचिब, सचिव–३, कोषाध्यक्ष , सहकोषाध्यक्ष र ७ सदस्यहरु रहनेछन् भने कार्यसमितिले मनोनयन गर्न सक्ने २ जना थप्न सकिने गरि २१ सदस्यीय कार्यसमिति ।

ग) संस्थाको कार्य समितिका पदाधिकारीको पदावधि तिन (३) वर्षको हुने छ ।

घ)यस संस्थाको केन्द्रिय सम्मेलन बाट केन्द्रिय कार्यसमितिको प्रक्रियामा सहभागी हुन वा भाग लिन मातहतको समिति वा यस अन्तरगत रहेका देशिय समिति वा क्षेत्रिय समितिमा रहि कम्तिमा १ कार्यकाल अनिवार्य काम गरेको हुनु पर्ने छ ।

ङ) संस्थाले आफ्नो गतिविधि वा कार्य व्यावश्थित रुपमा संचालन गर्न कार्यसमिति भित्रका जो कुनै पनि सदस्यलाई प्रवताको रुपमा चयन गर्न सक्ने छ ।

च) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बांकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ति कार्यसमितिद्धारा बांकी कार्यकाल सम्मका लागि गर्न सकिने छ ।

छ) कार्यसमितिको वैठक आवस्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउने छ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले वैठक बोलाउनु पर्नेछ ।

ज) वैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनुपर्नेछ तर पटक पटक संख्या नपुगेमा साविकको उपस्थितिलाई मान्य गरिने छ ।

झ) कार्यसमितिको बैठक कम्तिमा ३ महिनामा एक पटक बस्न सकिनेछ र आवश्यकता अनुसार थप बैठक पनि बस्न सकिनेछ ।

ञ) संस्थाको प्रस्तावना र उद्देश्य बिपरीत काम गर्ने कुनै पनि सदस्यलाई अनुशासन उपरमा संस्थाले आलोचना, चेतावनी, निलम्बन एवं निस्काशन लगायत आवश्यकक्ता अनुसार कार्वाही गर्नेछ ।

ट) कार्यसमितिले आवस्यक ठानेमा संस्थाको उद्धेश्य प्राप्ती एवं कार्य सम्पादन गर्नका लागि विभिन्न उप–समिति गठन गर्न सक्नेछ । सोको अनुमोदन साधारण सभाले गर्न सक्नेछ ।

ठ) हालको यो तदर्थ समिति अक्टोवर २०१९ सम्म बहाल रहने छ ।

१४) संस्थाको कार्यसमितिको काम, कर्तव्य र अधिकार :

क) संस्थाको आगामी वर्षको कार्यक्रम तथा अनुमानित वजेट वनाई साधारण सभामा प्रस्तुत गर्ने,

ख) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने , ग) साधारणसभा प्रति उत्तरदायी रहने ,

घ) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने,सुपरिवेक्षण र अनुगमन गर्ने ,

ङ) संस्थाको कोष र सम्पति सुरक्षित तरिकाबाट राख्न लगाउने र वैंक खाता खोली वैंकिङ्ग पद्धति लागु गर्ने,

च)संस्थाको कर्मचारीहरुको सेवा शर्त सुविधा सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभा बाट स्वीकृती गराइ लागु गर्ने गराउने ,

१५. पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछ ।

परिच्छेद ६

१६.पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

क) अध्यक्ष :

१. संस्थाको बैठक अध्यक्षता र साधारण सभाको अधिवेशनको अध्यक्षता गर्ने , कार्यसमिति र साधारण सभामा मत विभाजन भई बराबर भएमा निर्णायक मत दिने ,

२. संस्थाको लागि अग्रता तथा प्रमुख भूमिका निर्वाह गर्ने, (३). संस्थाको निरन्तर अनुगमन तथा निरिक्षण गर्ने ।

४. संस्थाको हित हुने गरि विभिन्न संघ संगठनसंग सर्म्पक तथा समन्वय कायम गर्ने ।

५. अभिलेख प्रमाणित गर्ने , (५). बैठक बोलाउने तथा निर्णयक मत दिने ।

६ संस्थालाई अग्रगतिमा लैजाने कार्यक्रमहरु पेश गर्ने तथा त्यसलाई कार्यन्वयन गर्ने गराउने ।

७. संस्थाको कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने ।

(ख)उपाध्यक्ष : १.) अध्यक्षको अनुपस्थितिमा अध्यक्षताकोजिम्मेवारी बहन गर्ने ।

२).संस्थाको उद्धेश्य पुरा हुने अन्यकार्य गर्ने ,(३).अध्यक्षलाई सहयोग गर्ने तथा दिएको जिम्मेवारी पुरा गर्ने,

ग) महासचिव :

१. संस्थाको सचिवालयको रेखदेख र संचलन गर्ने तथा कार्यसमितिको बैठक संचालन गर्ने ,

२. अध्यक्षको परामर्शमा कार्यसमितिमा साधारण सभाको वैठक बोलाउने र वैठकका लागि छलफलका विषयहरुको सुची तयार गर्ने ,

३. अभिलेख सुरक्षित राख्ने, (४) कर्मचारीहरुलाई नियुक्ति गर्नुपर्ने भएमा सो प्रस्ताव कार्यसमितिमा पेश गर्ने,

५.संस्थाको गतिविधिबारे प्रकाश पार्ने ,(६) साधारण सभा समक्ष प्रतिवेदन पेश गर्ने ,

७. संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने ,

घ) सचिव :

१. महासचिवको अनुपस्थितिमा बैठक संचालन गर्ने तथा अन्य काम गर्ने

२. संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने ,

ङ) कोषाध्यक्ष :

१.) संस्थाको कोषको रेखदेख र संचालन गर्ने , (२.) साधारणसभामा वार्षिक कार्यक्रम र वजेटपेश गर्ने ,

३). लेखा दुरुस्त राख्ने , (४) संस्थाको आम्दानी वृद्धिका लागि सकृय रहने तथा संस्थाको आर्थिक कारोवार सम्वन्धि मामलामा चल अचल सम्पतिको रेखदेख गर्ने र प्रवर्द्धन गर्न योजना बनाउने , (५) संस्थाको उद्धेश्य पूरा हुने अन्य कार्य गर्ने ।

च) सहकोषाध्यक्ष :

१ कोषाध्यक्षको अनुपस्थितिमा कोषको रेखदेख र संचालन गर्ने, २. संस्थाको आम्दानी वृद्धिका लागि सकृय रहने तथा संस्थाको आर्थिक कारोवार सम्वन्धि मामलामा चल अचल सम्पतिको रेखदेख गर्ने र प्रवर्द्धन गर्न योजना बनाउने, ३ संस्थाको उद्धेश्य पूरा हुने अन्य कार्य गर्ने ।

छ) सदस्य :

१)समितिको वैठकमा सकृय सहभागिता जनाउने ,(२) संस्थाको कार्यमा रचनात्मक भुमिका निर्वाह गर्ने ,

३). संस्थाको उद्धेश्य पुरा हुने अन्य कार्य गर्ने, (४) कार्यसमितीले तोकेको कार्यहरु गर्ने ।

<u>१७. गणपुरक संख्या</u> :

क) कुल सदस्य संख्याको ६० प्रतिशत को प्रतिनिधित्व हुने गरि साधारण सभाको काम कारवाही हुने छैन तर बिधानको दफा ..... को उपदफा .... मा उल्लेख भएबमोजिम पुनः बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत भएमा सभा गर्न वाधा पर्नेछैन ।

ख) दोश्रो पटक गणपुरक संख्या नपुगी तेश्रो पटक बोलाइएको साधारण सभामा उपस्थित संख्या नै गणपुरक मानिनेछ ।

<u>१८. आर्थिक व्यवस्था</u> :

१. संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन । क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदसयता शुल्क रकम,

ख) कसैले स्वइच्छाले दिएको अनुदान,सहायता वापत प्राप्त रकम,

ग) संस्थाको चल अचल सम्पति वा अन्य बस्तुको बिक्रीबाट प्राप्त रकम,

घ) सरकारी निकाय बाट प्राप्त सहयोग,दान वा उपहार ,

ङ) विदेशी संस्था, व्यक्ति वा अन्य संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम आदि,

<u>१९. खाता संचालन</u> :

संस्थाको अध्यक्ष,महासचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

<u>२०. कोषको रकम खर्च गर्ने विधि</u> :

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाईने छ ।

क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृती नगरी कोषबाट खर्च गर्न सकिने छैन ,

ख) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ,

ग) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ ।

<u>२१. संस्थाको लेखा र लेखा परिक्षण</u> :

१.संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ,

२. संस्थाको लेखापरिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ,

३. लेखापरिक्षकको नियुक्ति बार्षिक साधारणसभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ,

४. लेखा परिक्षणको प्रतिवेदन र कार्य प्रगति स्थानिय सरकारी कार्यालयमा पठाइनेछ ।

परिच्छेद -७

निर्वाचन, अविश्वासको प्रस्ताव , विधान संशोधन सम्वन्धि व्यवस्था

२२. निर्वाचन सम्वन्धि व्यवस्था :

क) यस संस्थाको कार्यसमितिको निर्वाचन गर्नका लागि कार्यसमितिले ३ जना निर्वाचन अधिकृत नियुक्ति गर्नेछ र निर्वाचन सम्बन्धि नियमहरु प्रचलित निर्वाचन ऐन तथा नियम बमोजिम हुनेछ ,

ख) निर्वाचन सम्वन्धि आबस्यक नियमहरु निर्वाचन समितिले नै तयार गर्ने छ

ग) कार्यसमितिका चयन गर्ने पद्वति निर्विरोध तथा निर्वाचनको आधारमा गरिने छ ।

घ) निर्वाचन गोप्य मतदान द्धारा गरिनेछ ।

ङ) निर्वाचनका लागि कार्यसमितिले निर्वाचन समिति गठन गर्नेछ र सोही निर्वाचन समितिले निर्वाचन कार्य सम्पन्न गर्ने छ ।

२३. उम्मेदवार हुन अयोग्यता :

क) गैर पर्वतेली नागरिक र २५ वर्ष उमेर नपुगेको ,(ख) सामान्य लेखपढ गर्न नसक्ने, (ग) दोषी प्रमाणित भएको व्यक्ति,

२४.अविश्वासको प्रस्ताव

क) कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य उपर साधारणसभा कम्तिमा २५ प्रतिशत सदस्यहरुले अविश्वासको प्रस्ताव राखेमा सो प्रस्ताव उपर छलफलका लागी साधरणसभा नभएका वखतमा विशेष साधरणसभा बोलाइ निर्णय गर्न सकिनेछ । निर्णय गर्दा उपस्थित दुइ तिहाइ बहुमतले निर्णय गनुपर्नेछ ।तर अविश्वास प्रस्ताव उपर निर्णय गर्नु अघि अविश्वासको प्रस्ताव प्रस्तावित सदस्य वा व्यक्तिलाई सूचना दिने र सुनवाइको उचित अवसरबाट बन्चित गर्न पाइने छैन ।

परिच्छेद : ८

२५.आर्थिक स्रोत :

क) संस्थाको आर्थिक स्रोतका रुपका सदस्यता शेयर सदस्यताको रकम , वचत रकम ,प्रकाशन तथा प्रदर्शनी आदिबाट प्राप्त रकमलाई मानिनेछ ।

ख) आर्थिक स्रोत संकलनका लागी कार्य समितिले कोषाध्यक्षको संयोजकत्वमा लेखा समिति निर्माण गर्न सक्ने छ ।

ग) कोष संचालन र आर्थिक हिसाब किताब संचालनका लागी अध्यक्ष ,महासचिव र कोषाध्यक्षका नाममा खाता खोल्न सकिनेछ । उपरोक्त तीन जना मध्ये कोषाध्यक्ष लगायत दुइ जनाको हस्ताक्षरबाट आर्थिक कारोबार गर्न सकिने छ ।

घ) आर्थिक आयब्ययको समग्र प्रक्रिया कार्यकारिणी समितिको निर्णय अनुसार हुनेछ र पूर्ण बैठक र सम्मेलनद्धारा उक्त आम्दानी खर्चको अनुमोदन गर्नुपर्नेछ ।

२६. बिधान संशोधन तथा व्याख्या सम्बन्धि :

क) विधानको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ ।

ख) विधानको कुनै विषयमा थप घट वा संसोधन गर्नु परेमा कार्यसमितिको दुई तिहाइ बहुमतले बिधान संशोधन गर्न सक्नेछ र उक्त संशोधनलाई साधारण सभाको सम्मेलनबाट अनुमोदन गराउनपर्ने छ ।

समाप्त